व्यास नगरकार्यपालिकाको २०४ औं बैठक आज मिति २०८१/१०/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री सुवास वाग्ले | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री राम प्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८१/९/२२ गते व्यास नगर कार्यपालिकाबाट भएको निर्णय सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०८१/०८२ को अर्धवार्षिक आय-व्यय सम्बन्धमा ।
प्रस्ताव नं.३: आ.व. २०८१/०८२ को योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगरपालिका तथा समावेशी शिक्षा सञ्जाल गठन सम्बन्धमा ।
प्रस्ताव नं.५: सिप परीक्षण सम्बन्धमा ।
प्रस्ताव नं.६: खुला महिला हाफ म्याराथन दौड व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.७: HIV प्रभावित बालबालिकाको पोषण भत्ता वितरण सम्बन्धमा ।
प्रस्ताव नं.८: सिद्धबेनी मा.वि.को नि.मा.वि. तहको विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.९: ढुङ्गा, गिट्टी बालुवाको सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: कारागार कार्यालय दमौलीको इनार खन्ने अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.११: विराटचक्र विज्ञान कार्यक्रमको जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.१२: बालश्रम मुक्त नगरपालिका घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.१३: प्राज्ञिक सभाको समिक्षा बैठक सम्बन्धमा ।
प्रस्ताव नं.१४: बहुजातिय सँस्कृतिक महोत्सव आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: दमौली खानेपानीको सिमलको रुख काट्ने अनुरोध सम्बन्धमा ।
प्रस्ताव नं.१६: तनहुँ विद्युत परियोजना निर्माण क्रममा उत्खनन् भएको ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धमा ।
प्रस्ताव नं.१७: नगर प्रमुखलाई UCLG-ASPAC बाट प्राप्त निमन्त्रणा अनुसार स्वीकृती सम्बन्धमा ।
प्रस्ताव नं.१८: पृथ्वीराजमार्ग निर्माणको क्रममा निर्माण कम्पनीलाई सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१९: स्वास्थ्य कर्मचारीलाई अध्ययन बिदा स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.२०: रोजगार सृजना कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२१: राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२२: चौताराको रुखका हाँगाहरु कटान अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्रतिनिधि मुकरर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: तारजाली वितरणको अनुमोदन सम्बन्धा ।
प्रस्ताव नं.२५: सेवा प्रदायक संस्था छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२६: विज्ञान प्रयोगशाला र ई-पुस्तकालय कार्यक्रम वितरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२७: शिक्षण सहयोग अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२८: अनुदान रकम वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२९: पुरानो समायोजन भएको विद्यालयको सम्पत्ती प्रयोगको अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.३०: केशवटार मा.वि.को भवन निर्माणमा सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.३१: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.३२: सहकारी रकम फिर्ता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३३: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.३४: रिटर्नी स्वर्यसेवकको निरन्तरता सम्बन्धमा ।
प्रस्ताव नं.३५: ढुङ्गा, गिट्टी, बालुवाको विक्री मूल्य निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.३६: गलेखामकोटको सरसफाई व्यवस्थापनको भुक्तानी स्रम्बन्धमा ।
प्रस्ताव नं.३७: सेवाप्रदायक संस्था छनौट सम्बन्धमा ।
प्रस्ताव नं.३८: गोवर्धन शर्मा कृषि अध्ययन, अनुसन्धानमा विनियोजित रकम सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा मिति २०८१/०९/२२ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुंदा आ.व. ०८१/०८२ को विगत ६ महिनाको संघ, प्रदेश र स्थानीय राजश्वबाट कुल रू.७२,१८,३६,७३८/०९ पारित अनुमानित बजेटमा ३३% प्राप्त भई कुल खर्च रू.४७,६९,२२,६८८/५५ (२२%) भएको सामाजिक सुक्षा तथा संरक्षण तर्फ रू.१५,४४,७७,४७९/- (५०%) प्राप्त भएको बैठकमा जानकारी प्राप्त गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गत कुल ६५४ योजनाहरु मध्ये १२६ सम्पन्न भएको, २९१ सम्झौता भएको, २३७ सम्झौता हुन बाँकी रहेको, चालु योजना तर्फ ३८% र पूँजिगत तर्फ ९% वित्तिय प्रगती रहेको बैठकमा विवरण प्राप्त भएकोले योजना कार्यान्वयनमा तिब्रता दिन सम्बन्धित वडा र शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै विश्व बैंङ्कको सहयोगमा निर्माणाधिन १०.५० किलोमिटर मार्गको भौतिक प्रगती ९.१३% वित्तिय प्रगती ७.४६% रहेको जानकारी प्राप्त भई निर्माण गति सुस्त भएकाले तिब्रता दिन सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुंदा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र बालिका तथा सामवेशी शिक्षा सञ्चालन (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड २०८० को दफा ९ बमोजिम उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा “व्यास नगरपालिका बालिका तथा समावेशी शिक्षा सञ्जाल” गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुंदा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् राष्ट्रिय सीप परीक्षण समिति (National Skill Test Board (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणितका अनुसार यस व्यास नगरपालिका भित्रका कन्स्ट्रक्सन, प्लम्बर, बेल्डर, विल्डिङ्ग पेण्टर, टाइल, मार्बल फिक्स, मोटरसाइकल, मेकानिक, सेल मोबाइल, फोन टेक्निसियन, कम्प्युटर हार्डवयर एण्ड नेटवर्किङ्ग टेक्निसियन, रेफ्रिजिरेटर एण्ड एयर कण्डिसनर, मेकानिक सीप परीक्षण गर्न चाहनेलाई २०८१/१०/११ गतेसम्म दरखास्त आव्हान गर्ने निर्णय कार्यालयको सूचना अनुमोदन गरी सहभागिताका लागि सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुंदा २०८१ माघ १६ गते व्यास ३ दमौली व्यास गुफाबाट व्यास ११ तनहुँसुर दरबारसम्म हुने खुल्ला महिला हाफ म्याराथन दौडमा सहभागिताका लागि सम्बन्धित सबैलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गतका HIV प्रभावित १८ बर्ष तलका बालबालिकालाई मासिक रू.२,०००/- (दुई हजार) पोषण भत्ता २०८१ माघ देखि उपलब्ध गराउने गरी सम्बन्धित बालबालिकाको गोप्यता रहने गरी सम्बन्धित संघ संस्थासँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुंदा व्यास १३ बेलबास स्थित सिद्देश्वरी मा.वि. मा रहेको रिक्त नि.मा.वि. अंग्रेजी दरबन्दी नि.मा.वि. तहमा अर्को अंग्रेजी दरबन्दी भएकाले रिक्त अंग्रेजी दरबन्दीलाई नेपाली दरबन्दीमा परिवर्तन गरी नियमानुसार सरुवा विज्ञापन गर्ने अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुंदा मादिनदी सेतीनदी तर्फका ढुङ्गा, गिट्टी, बालुवाको टेण्डर पर्न आई सम्झौता भएकाले निम्नानुसार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।
(क) यस कार्यालयबाट प्रकाशित गरिएका मिति २०८१/०९/५ को ठेक्का नं. RE4/07/VYAS REV/081/082 को सुचना बमोजिम मादि-सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा (निउरोघारीदेखि खहरे ढाँडखोलासम्म) उत्खनन् संकलन तथा विक्री वितरणका लागि कार्यालयले न्यूनतम अङ्क कर बाहेक रू.७०,४६,६०६/१४ निर्धारण गरेकोमा श्री थ्रेट कन्स्ट्रक्सन प्रा.लि. जितपुर सिमरा-२१, बाराले कर बाहेक रू.७०,४८,०००/- कवोल गरेको हुँदा नियमानुसार ठेक्का सम्झौता अनुमोदन गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुंदा कारागार कार्यालय तनहुँको मिति २०८१/१०/७ (च.नं. ६४६) को पत्रानुसार कैदीबन्दी, सुरक्षाकर्मी समेतका लागि मादिनदी किनारबाट इनार खनी पानी उपलब्ध गराउँदै आएकोमा नदी गहिरिंदा उक्त इनारबाट पानी उपलब्ध गराउन असम्भव भएकाले नयाँ इनार खन्न एक्साभेटर समेतको प्रयोगका लागि अनुमती माग भई आएकाले अनुमती प्रदान गरिदिनु हुन भनि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् सम्बन्धी जिल्ला अनुगमन समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुंदा जिवन विज्ञान प्रतिष्ठानको आयोजनामा २०८१ फाल्गुण १० गते उद्घाटन गरी मिति २०८१/११/११ गतेदेखि २०८१/११/१७ गतेसम्म पोखरा रङ्गशालामा “बिराट चक्र विज्ञान” योग साधना हुन लागेको र करिव ६००० (छ हजार) सहभागी हुने अपेक्षा गरी सहभागीता एवं विभिन्न संघ संस्थालाई समन्वय एवं सञ्चार गरिदिनु अनुरोध भई आएकोले सहभागिताका लागि सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुंदा बाँकी वडागत कार्य सम्पन्न गरी यस नगरपालिकालाई २०८१ फाल्गुण मसान्तभित्र बालश्रम मुक्त नगरपालिका घोषणाको कार्यक्रम व्यवस्थापन गर्न व्यास नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुंदा व्यास नगर प्रज्ञा सभाको बैठक मिति २०८१/१०/११ गते दिउँसो १:०० बजे गर्ने प्रज्ञा परिषद्को अनुरोध भई आएकाले प्रज्ञा परिषद्को सम्पादित कार्यको समिक्षा र आगामी कार्यक्रमको तर्जुमा गर्ने गरी कार्यपालिका, सम्बन्धित शाखाको सहभागिताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुंदा मिति २०८१/११/७ गते प्रजातन्त्र दिवसको सन्दर्भमा २०८१/११/७ देखि ९ गतेसम्म अनसन चौतारी खुला चौरमा नगरपालिका स्तरीय बहुजातिय साँस्कृतिक महोत्सव आयोजना गर्ने गरी प्राज्ञिक समितिलाई प्रस्ताव पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुंदा दमौली खानेपानी तथा सरसफाई समितिले दमौली बजारमा वडा नं.४ मादिनदी किनारबाट पानी लिफ्टिङ्ग गरी खानेपानी उपलब्ध गराउँदै आएकोमा उक्त खानेपानीको इनार लगायत संरचना नजिक रहेका दुई वटा सिमल रुखले खानेपानी संरचना र मानवीय क्षेती हुने असर पर्ने देखिंदा उक्त सिमल रुख हटाउने सिफारिस पाउँ भनि पत्राचार भई आएकोमा नियमानुसार उक्त रुखहरु हटाउन अनुमतीका लागि वन डिभिजन कार्यालय तनहुं र जिल्ला प्रशासन कार्यालय तनहुँलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुंदा व्यास ५ बेतेनी क्षेत्रमा तनहुं विद्युत परियोजना निर्माण कममा उत्खनन् भएका ढुङ्गा, गिट्टी, बालुवा व्यास नगरपालिकाको सम्पत्ति हुँदा र हिउँदकै समयमा त्यसको व्यवस्थापन नभएमा बर्षामा सेतीनदीले बगाई लाने हुंदा नगरपालिकाको आयश्रोत बढाउन आर्थिक ऐन नियमानुसार विक्री व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुंदा UCLG ASPAC (United cities and Local Governments ASIA PACIRIC) को जाकर्तास्थित कार्यालयबाट Economic या Social commission for Asia PPacitic (ESCAP) को आयोजनामा सन् २०२५, फेब्रुअरी 24 देखि थाइलेण्डको राजधानी बैङ्कमा हुन गइरहेको १२औं Asia-Pacific Forum on Sustainable Development (APFSD) कार्यक्रममा वक्ताको रुपमा आमन्त्रण भएकाले नेपाल सरकार व्यास नगरपालिकालाई आर्थिक भार नपर्ने गरी कार्यक्रममा सहभागिताका लागि नेपाल सरकारको अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नियमानुसार अनुरोध गर्ने अनुरोध गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुंदा पृथ्वीराजमार्ग निर्माणका लागि सम्बन्धित निर्माण कम्पनीबाट १०,००० (दश हजार) घन मिटर सडक निर्माणमा चाहिने वेस दमौलीस्थित वडा नं. ४ र ५ मा पर्ने मादिनदी पुल नजिकबाट उपलब्ध गराउन माग भई आएकाले प्राविधिक अध्ययन गराई नियमानुसार राजश्व लिई उपलब्ध गराउने गरी जिल्ला अनुगमन समितिसँग अनुमती माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकामा समायोजन भई स्वास्थ्य शाखा अन्तर्गत कार्यरत निम्न कर्मचारी नेपाल सरकार चिकित्सा सेवा आयोगद्वारा लिइएको परीक्षा उत्तिर्ण भएकाले निजलाई निम्नानुसारको मितिदेखि लागू हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ बमोजिम तलवी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद | विदा शुरु हुने मिति | अध्ययन गर्ने विषय | बिदाको अवधि |
|---|---|---|---|---|---|
| १. | श्री रजिना वाग्ले | सि.अ.न.मी. पाँचौं | २०८१/१०/१४ | BNS | ३ (तीन वर्ष) |

**निर्णय नं.२०:** प्रस्ताव नं. २० का सम्बन्धमा छलफल हुंदा संघीय सरकारको रोजगारी सृजना कार्यक्रम अन्तर्गत चालु आ.व.का लागि यस नगरपालिकामा सूचिकृत श्रमिकहरुको संख्या तथा माग गरिएका आयोजनाहरुको आधारमा पहिलो चरणमा ५ वटा वडाहरुलाई २०,००,०००/- (अक्षेरुपी बीस लाख मात्र) छुटाईएकोमा वडा नं.१३ मा थप रोजगारी सृजना हुने आयोजनाको लागि बजेट रु. ३,००,०००/- (अक्षेरुपी तीन लाख रुपैयाँ) तथा प्राविधिक इष्टिमेट सहित सूचिकृत कामदार नै प्रयोग गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुंदा नेपाल सरकारबाट राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरी सामाजिक सुरक्षा, बैकिङ्ग कारोवार, राहदानी निर्माण लगायतका कार्यमा लागू गरिएकोमा सर्वोच्च अदालतबाट समेत नेपाल सरकारको नीतिगत प्रकृयालाई लागू गर्ने गरी निर्णय आएको हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै नगरबासीलाई राष्ट्रिय परिचयपत्र बनाउन, बनिसकेको परिचयपत्र नगरपालिकाबाट बुझिलिन सबै वडा कार्यालय, विद्यालय, नागरिक समाज समेत मार्फत प्रभावकारी सञ्चार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. १० सेवरस्थित सर्वज्योती माध्यमिक विद्यालय सेवर दुग्ध उत्पादक सहकारी र स्थानीय बासिन्दाहरुको नजिक रहेको सेवरस्थित चौतारामा रहेको वर, पिपल रुख बिसाल भएकाले हावाहुरी आउँदा विद्युत तार विद्यालय पढ्ने बालबालिका, स्थानीय बासिन्दा,, भवनहरुमा असुरक्षा सृजना गरेकाले हाँगा काटछाँट गर्नका लागि अनुमती प्रदान गरिदिनु हुन भनि डिभिजन वन कार्यालय तनहुँ, जिल्ला प्रशासन कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ५ को कार्यालय विरुद्ध व्यास ५ पाटन निवासी श्री दुर्गा गुरुङ्ग र डेभिड गुरुङ्गले सर्वोच्च अदालतमा दिनु भएको नं.०८१-WO-०६३३ रिट निवेदनमा वडा नं. ५ कार्यालय मिति २०८१/९/२३ गते १५ दिने म्याद तामेल भएकाले गुज्रेको म्याद समेत कानून बमोजिम थामी जवाफ लेखी पेश गर्न र मुद्दाको पुर्पक्ष गर्नका लागि वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कञ्चन जि.सी.लाई प्रतिनिधि मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाका विभिन्न वडाहरुमा मनसुनजन्य बर्षाले क्षती भएका स्थानीय सडक एवं खोलाले क्षती भएका खेतीयोग्य जमिन तथा खानेपानीका मुहान समेत संरक्षण र सिँचाईका लागि बाँधकुलो निर्माण गर्न विपद व्यवस्थापन सामाग्री वितरण समितिद्वारा मिति २०८१/९/११ गतेको बैठकबाट वितरण गरिएको तारजाली लागत अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं. २५ का सम्बन्धमा छलफल हुंदा संघीय बजेट अन्तर्गतको रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित क्षमता विकास तथा जीवन उपयोगी तालिम प्रदान गर्नका लागि व्यास नगरपालिका मूल्याङ्कन समितिको सिफारिस अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आइडियल ईन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि.रामग्राम ५ नवलपरासीलाई परामर्श सेवा प्रदायक संस्थाको रुपमा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं. २६ का सम्बन्धमा छलफल हुंदा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको आ.व. २०८१/०८२ मा स्वीकृत कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फ यस स्थानीय तह अन्तर्गतका विद्यालयहरुका लागि प्राप्त योजना विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालयहरुमा विज्ञान प्रयोगशाला निर्माण अनुदान- ३ वटा कार्यक्रम र विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद, तथा इ पुस्तकालय समेत) -४ कार्यक्रम गरी जम्मा ७ कार्यक्रम (योजना) का लागि अनुदान रकम विनियोजन भई आएबमोजिम विद्यालयहरुको माग र आवश्यकताका आधारमा तपसिलका विद्यालयहरुलाई निम्नानुसारको कार्यक्रम वितरण गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम | कार्यक्रम | अनुदान रकम रू. |
|---|---|---|---|
| १. | श्री पराशर मा.वि. व्यास ५ | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ्ग, किताब खरिद तथा इ पुस्तकालय समेत) | ६,५०,०००/- |
| २. | श्री इन्दु मा.वि. व्यास ६ | | |
| ३. | श्री क्यामिन मा.वि. व्यास ७ | | |
| ४. | श्री भानु मा.वि.व्यास १० | | |
| ५. | श्री अमरज्योती मा.वि. व्यास १२ | विद्यालयमा विज्ञान प्रयोगशाला | ६,५०,०००/- |
| ६. | श्री सिद्धबेनी मा.वि. व्यास १३ | | |
| ७. | श्री केशवटार मा.वि. व्यास १४ | | |

**निर्णय नं.२७:** प्रस्ताव नं. २७ का सम्बन्धमा छलफल हुंदा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा सशर्त अनुदान तर्फ २० कोटा प्राप्त भएकोमा १९ कोटा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ अनुसार माध्यमिक विद्यालयहरुलाई वितरण गरी बाँकी रहेको एक कोटाको अनुदान रकम मध्येबाट आधारभूत तह कक्षा (६-८) शिक्षण सहयोग अनुदान अन्तर्गतको सेवा सुविधा पाउने गरी तपसिलका आधारभूत विद्यालयहरुलाई चालु आ.व. ०८१/०८२ सम्मका लागि १/१ जना नियमानुसार शिक्षक नियुक्त गर्न १/१ कोटा वितरण गर्ने निर्णय गरियो ।

१. गुदीफच्याङ आधारभूत विद्यालय व्यास-१३
२. व्यास नगर समता विद्यालय व्यास-७

**निर्णय नं.२८:** प्रस्ताव नं. २८ का सम्बन्धमा छलफल हुंदा आ.व. ०८१/०८२ को बजेट कार्यक्रम अन्तर्गत ससर्त अनुदान तर्फ  खर्च शीर्षक ३५२, ३५२.१ र ३५२.२ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) शीर्षकमा जम्मा विनियोजित अनुदान रकम रू.३५,५२,०००।-(पैतिस लाख बाउन्न हजार) मध्येबाट तपसिलका मदर्सा तथा गुरुकुललाई निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | मदर्सा/गुरुकुल | वडा नं. | अनुदान रकम रू. |
|---|---|---|---|
| १. | श्री महर्षि बेदव्यास विद्याश्रम गुरुकुल | ५ | ३,००,०००।- |
| २. | श्री दमौली मुस्लिम अनजुमन कमिटी | ४ | २,००,०००।- |
| ३. | श्री इस्लामिक उर्दुअरवि मदर्सा | ६ | १,००,०००।- |
| ४. | श्री रहनुमा तालेमुल इस्लामिक मदर्सा | ६ | १,००,०००।- |
| ५. | श्री नुरानी उर्दुअरवी सामुदायिक मदर्सा | ६ | १,००,०००।- |
| ६. | श्री शिशाघाट इस्लामिक मदर्सा ६ | ६ | १,००,०००।- |
| ७. | श्री विस्मिल्ला मदर्सा | ६ | १,००,०००।- |
| | | जम्मा | १०,००,०००।- |

**निर्णय नं.२९:** प्रस्ताव नं. २९ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ११ बेल्टारी स्थित तत्कालिन तनहुँ प्रा.वि. बाराही मा.वि. व्यास-११ फराकचौरसँग समायोजन भएकोले उक्त तनहुँ प्रा.वि.को पुरानो भवन अत्यन्त जीर्ण भई तत्काल भत्काई व्यवस्थापन गर्नुपर्ने भनी सम्बन्धित वडाको सिफारिस सहित

विद्यालयबाट अनुमति माग भए बमोजिम सम्बन्धित वडाको रोहवरमा भत्काई व्यवस्थापन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं. ३० का सम्बन्धमा छलफल हुंदा व्यास १४ स्थित केशवटार मा.वि.को विद्यालय भवन निर्माणका लागि भारतीय राजदुतावासमा प्रस्ताव अघि बढाइएकोमा उक्त भवन निर्माणमा स्वीकृती प्राप्त भएमा लागतको १०% लागत सहभागिता व्यास नगरपालिबाट व्यहोर्ने गरी सम्बन्धित निकायमा जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं. ३१ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ४ मा सञ्चालित सर्वकल्याण सहकारीका श्री रमेशदत्त वाग्ले समेतका बचतकर्ताहरुले आफ्नो बचत फिर्ता नगरेकाले कानूनी प्रकृयाका लागि सिफारिस पाउँ भनि यस नगरपालिकामा निवेदन दिन आउनु भएको उक्त सहकारीका सञ्चालकहरुसँग बुझ्दा विगत २/३ बर्षदेखि लेखापरीक्षण नभएको र उक्त सहकारीको कार्यालय समेत बन्द रहेको बुझिन आएकोले सो संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री दिपकराज सिग्देल समेतबाट बचतकर्ताहरुको र शेयर सदस्यहरुको रकम २०८१ माघ मसान्तसम्म फिर्ता गर्न निर्देशन दिने र सो अवधीभित्र रकम फिर्ता नगरेमा कानून बमोजिमको कार्यबाहीका लागि जिल्ला प्रहरी कार्यालय, तनहुँमा लेखी पठाउने निर्णय गरिन्छ ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुंदा सम्बन्धित वडा र संस्थाको अनुरोधमा भादगाउं खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पहिरोबाट प्रभावित पाईप खरिदमा यस अघिको मिति २०८१/७/२६ को निर्णयबाट रु. १,५०,०००/ (एक लाख पचास हजार) विनियोजन भएकोमा उक्त शिर्षक परिवर्तन गरि छाब्दी खोलामा रहेको विद्युतीय पम्प बिग्रीएकाले सम्मरस्विल पम्प खरिदका लागि सम्बन्धित शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुंदा विपद्जन्य कार्य एवं अन्य विविध कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार रकम निम्न शिर्षकहरुबाट उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | शहिदचन्द्र नेपाली छात्रावास फर्निचर तथा रेलिङ्ग व्यवस्थापन | १ | ४,००,०००।- | ९६५ |
| २. | मगरगुठ समिति कार्यालय सामाग्री खरिद | १ | १,००,०००।- | ८४४ |
| ३. | नमुना आमा समूह क्षमता अभिवृद्धि कार्यक्रम सहयोग | १ | ३०,०००।- | १११ |
| ४. | विज्ञानचौर आमा समूह नेतृत्व विकास कार्यक्रम सहयोग | १ | ७५,०००।- | १११ |
| ५. | अम्रेनी टोल सडक बत्ती व्यवस्थापन | १ | १,५०,०००।- | ८४९ |
| ६. | चारकुने टोल विकास टोल सडक बत्ती | १ | ७५,०००।- | ८४९ |
| ७. | परियार सेवा समाज भिमसेन गुठी भवन निर्माण | ३ | २,५०,०००।- | ८४४ |
| ८. | जिल्ला प्रहरी कार्यालय सामाग्री व्यवस्थापन | ३ | २,५०,०००।- | ६४ |
| ९. | सहृदयी मञ्च तनहुं नेपाल कार्यक्रम सहयोग | ३ | २,००,०००।- | ९८ |
| १०. | अपाङ्गता महिला सशक्तिकरण समाज कार्यक्रम सहयोग | ३ | २,००,०००।- | ९८ |
| ११. | साँगेफाँट कृषि व्यवसाय प्रवर्द्धन गर्न कुलोमा स्ल्याव निर्माण समेत | ५ | २,००,०००।- | ८४७ |
| १२. | व्याडखण्ड आचार्य कुलो निर्माण सहयोग | ५ | ३,००,०००।- | ८४७ |
| १३. | पराशर मा.वि. नयां निर्मित भवनमा रङरोगन, विद्युत व्यवस्थापन | ५ | १,५०,०००।- | ८४६ |
| १४. | नेपालटारटोलविकास अन्तर्गत टोलभवन, खानेपानी ट्याङ्की संरक्षण | ५ | २,००,०००।- | ९६१ |
| १५. | राष्ट्रिय परोपकार संघ जेष्ठ नागरिक | ५ | १००,०००।- | १०१ |
| १६. | रानीटारी जेष्ठ नागरिक दिवा केन्द्र सञ्चालन | ५ | ६०,०००।- | १०१ |
| १७. | सुसार्देटारी कुलो मर्मत निर्माण | ६ | १,७०,०००।- | ८४७ |

| | | | | |
|---|---|---|---|---|
| १८. | सामुदायिक मुस्लिम कब्रिस्थान संरक्षण | ६ | २,००,०००।- | ८९३ |
| १९. | अमर प्रा.वि. अगाडी ठुलो बगैचा पुरानोडिही खोल्सी बाटो स्तरोन्नती | ६ | ७०,०००।- | ८९३ |
| २०. | कृष्ण बहादुर भुजेल थापा खानेपानी पाइप खरिद | ७ | ५०,०००।- | ८४५ |
| २१. | सामली पलोखोला कुवा मर्मत संरक्षण | ७ | १,५०,०००।- | ८४५ |
| २२. | कलेस्ती एग्रो फार्म पोखरी निर्माण समेत | ७ | १,३०,०००।- | ८९३ |
| २३. | ललिता राना, खानेपानी पाइप खरिद | ७ | ५०,०००।- | ८४५ |
| २४. | देवराज पौडेल, खानेपानी पाइप खरिद | ८ | ८,०००।- | ८४५ |
| २५. | भानु मा.वि. विद्यालय झ्यालमा ग्रिल समेत | १० | ९०,०००।- | ८४६ |
| २६. | गणेश टोल बोटेगाउँ टोल विकास कच्ची बाटो विस्तार | १० | १,५०,०००।- | ८९३ |
| २७. | डिहीगाउँ दरै भवन निर्माण | १० | १,५०,०००।- | ८४४ |
| २८. | नयाँबस्ती अधुरो खानेपानी निर्माण | १० | ६,५०,०००।- | ८४५ |
| २९. | दुम्सीकोट कालिका मन्दिर शौचालय निर्माण | १० | १,००,०००।- | ८९३ |
| ३०. | सितलबस्ती बाटो बिस्तार | १० | ५०,०००।- | ८९३ |
| ३१. | नमुनाग्राम झिने पँधेरा जाने बाटो संरक्षण | १० | ३०,०००।- | ८९३ |
| ३२. | मनोसामाजिक सुस्वास्थ्य कल्याणकारी समूह कार्यक्रम सहयोग | १० | ४,००,०००।- | ९९ |
| ३३. | रामथुम्की पार्कको डि.पी.आर निर्माण | ११ | २,५०,०००।- | ६६ |
| ३४. | पुरानो डिही खानेपानी संरक्षण | ११ | २,००,०००।- | ८४५ |
| ३५. | कोकलडाँडा रजत छोलिङ्ग गुम्बा रङ्गरोगन | ११ | २५,०००।- | ८४४ |
| ३६. | बसन्त आधारभुत विद्यालय स्वर्ण स्तम्भ निर्माण समेत | ११ | २,००,०००।- | ८४६ |
| ३७. | गाईफार्म वडा पहुँच मार्ग पुरनडिही | ११ | १,००,०००।- | ८९३ |
| ३८. | बचाङ्गदी खानेपानी मर्मत समेत | १३ | १,२५,०००।- | ८४५ |
| ३९. | टुल्कु पेमा छोलिङ्ग गुम्बा संरक्षण | १३ | १,५०,०००।- | ९६१ |
| ४०. | बाँसबोटे खेत कुलोमा पाइप राख्ने | १३ | १४,०००।- | ८४७ |
| ४१. | कोन्या खेत कृषि मोटर मार्ग निर्माण | १४ | ८०,०००।- | ८९३ |
| ४२. | रुम्सी रिङ्गरोड मोटर मार्ग स्तरोन्नती | १४ | १,००,०००।- | ८९३ |
| ४३. | सुढेर मरौटे टोल सिँचाई एच.डि.पी. पाइप खरिद | १४ | १,००,०००।- | ८४७ |
| ४४. | केशवटार टोल तिनधारा ढाकार्दी खानेपानी मुल संरक्षण | १४ | १,४०,०००।- | ८४५ |
| ४५. | सरकारी तथा संस्थान सवारी चालक अधिवेशन सहयोग | | ३०,०००।- | ६९ |
| ४६. | नेपाल पत्रकार महासंघ तनहुँ ५१ पत्रकारको जीवन बिमा सहयोग | | १,७८,५००।- | ३७ |
| ४७. | लायन्स क्लवलाई कार्यक्रम सहयोग | | ५०,०००।- | ११३ |
| ४८. | बैदिक पुरोहित समाज कार्यक्रम सहयोग | | ५०,०००।- | ६९ |
| ४९. | नेपाल उत्पिडित जातीय मुक्ती समाज कार्यक्रम सहयोग | | ४०,०००।- | ११२ |
| ५०. | नेपाल मगर संघ मागी पर्व व्यवस्थापन | | ८०,०००।- | ६९ |
| ५१. | तनहुँ नेत्रहिन संघ कार्यक्रम सहयोग | | २,००,०००।- | ९८ |
| ५२. | रतौली टोल सडक बत्ती बिस्तार | | ५०,०००।- | ८४९ |
| ५३. | दरै समाज तनहुँ कार्यक्रम सहयोग | | १,५०,०००।- | ११३ |
| ५४. | मगर सुधार समिति साँस्कृतिक प्रवर्द्धन सामाग्री खरिद | | १,००,०००।- | ८४४ |
| ५५. | मगर साँस्कृतिक महोत्सव सहयोग | | ३०,०००।- | ११३ |

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिकामा सञ्चालित सामी कार्यक्रम अन्तर्गत हाललाई दुई जना निम्न रिटर्नी कर्मचारीलाई निरन्तरता दिई काममा लगाउने निर्णय गरियो ।

१. श्री एकेन्द्र दरै - व्यास १ भादगाउँ
२. श्री दिलिप गुरुङ्ग - वडा नं. ९ माझफाँट

**<u>निर्णय नं.३५:</u>** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुंदा सेती र मादि नदीमा ढुङ्गा, गिट्टी, बालुवा टेण्डर प्राप्त गर्ने व्यवसायीले नदीबाट उत्खनन् गरेपछिको विकी मूल्य निर्माण गर्नुपर्ने देखिंदा अध्ययन गरी विकी मूल्य निर्धारण गर्न राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३६:</u>** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुंदा व्यास ६ गलेखामकोटको आ.व. २०८०/०८१ को सरसफाई व्यवस्थापन गरे वापत श्री सुस्तम श्रेष्ठलाई भुक्तानी दिनुपर्ने रू.१,००,०००/- (एक लाख) १८ नं. फाराम भर्नुपर्नेमा छुट भएकाले उक्त भुक्तानी आ.व. २०८१/०८२ को बजेट शिर्षक क.सं.नं ४४५ बाट सरसफाई गरे वापतको उक्त रकम रु. १,००,०००/(एक लाख) श्री सुस्तम श्रेष्ठलाई भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३७:</u>** प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुंदा संघीय बजेट अन्तर्गतको रोजगार सृजना कार्यक्रमको कार्यस्थलमा आधारित क्षमता विकास तथा जीवन उपयोगी तालिम प्रदान गर्नका लागि व्यास नगरपालिका मूल्याङ्कन समितिको सिफारिस अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने आईडियल ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. रामग्राम ५ नवलपरासीलाई परामर्श सेवा प्रदायक संस्थाको रुपमा छनौट गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३८:</u>** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुंदा बजेट शिर्षक नं. ११९, क.सं. १३३ मा विनियोजित रकम निम्नानुसार खर्च गर्ने निर्णय गरियो ।

क) नगर स्तरीय प्रांगारिक मल उत्पादन पाठशाला सञ्चालन रु. ३,००,०००/
ख) विद्यालय शिक्षा कृषि प्रवर्द्धन अभिमुखिकरण कार्यक्रम संचालन रु. १,००,०००/
ग) माटो परिक्षण कार्यक्रम रु. १,००,०००/
घ) परम्परागत तरकारी बाली प्रवर्द्धन कार्यक्रम रु. १,००,०००/
ङ) गोवर्धन शर्मा कृषि अध्ययन स्थल भौतिक संरचना निर्माण रु. २,५०,०००/
च) अन्य कृषि औजार खरिद, बुलेटिन प्रकाशन समेत रु. १,५०,०००/